सिरीजङ्घा गाउँपालिका

# गाउँ कार्यपालिका

तेल्लोक, ताप्लेजुङ

**बैठक संख्या :-१०**

मिति : २०८२।१२।२० शुक्रबार विहानको ८.०० बजे

नेपालको संविधानको धारा २१४ (४) मा गाउँपालिकाको कार्यकारिणी कार्य सञ्चालन गाउँ कार्यपालिकाको नाममा हुने व्यवस्था भएकोले सिरीजङ्घा गाउँपालिका बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिका अध्यक्ष श्री लालकृष्ण चौहान ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बैठक बसी देहाय अनुसार निर्णयहरु गरियो।

<u>तपसिल</u>

अध्यक्ष श्री लाल कृष्ण चौहान

उपाध्यक्ष डा. चित्र कुमार लिम्बु

१ नं. वडा अध्यक्ष श्री सिंह बहादुर ईवारम

२ नं. वडा अध्यक्ष श्री दिलेन्द्र कुँवर

३ नं. वडा अध्यक्ष श्री कुमारी सावादेन

४ नं. वडा अध्यक्ष श्री रुपदास भट्टराई

५ नं. वडा वडाअध्यक्ष श्री बम प्रसाद गौतम

६ नं. वडा अध्यक्ष श्री सुखराज लिम्बु

७ नं. वडा का.वा. वडाअध्यक्ष श्री मुना दमाई

८ नं. वडा अध्यक्ष श्री कृष्ण कुमार गुरुङ

सदस्य श्री गंगा खडका (भट्टराई)

सदस्य श्री सीतादेवी भट्टराई

सदस्य श्री रमिला खत्री

सदस्य श्री मन कुमारी राई

सदस्य श्री राम कुमार घतानी

सदस्य श्री मिङ्माल्हामु शेर्पा

सदस्य सचिव श्री डम्बर बहादुर आङदेम्वे

सिरीजङ्घा गाउँपालिका

# गाउँ कार्यपालिका

तेल्लोक, ताप्लेजुङ

## अन्य उपस्थिती

श्री श्याम प्रसाद खतिवडा, लेखा अधिकृत

श्री संजिव सिंह, जनस्वास्थ्य निरिक्षक

श्री नविन कुमार यादव, इन्जिनियर

श्री मनोज कुमार उप्रेती, सु.प्र.अ.

श्री रन्जित लंवा, अधिकृत छैटौ

श्री मञ्जु आचार्य, कृषि अधिकृत

श्री उज्वल श्रेष्ठ, कम्प्युटर अपरेटर

श्री सरिता राई, आलेपु

श्री निर्मला खनाल, प्राविधिक सहायक

श्री रविन घिमिरे, सहायक चौथो, प्रशासन

CamScanner

सिरीजङ्घा गाउँपालिका
# गाउँ कार्यपालिका
तेल्लोक, ताप्लेजुङ

**विषयः आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनले नियमित गर्नुपर्ने, प्रमाण कागजात पेश गर्नु पर्ने र असुल उपर गर्नुपर्ने भनी औंल्याएको बेरुजु नियमित गर्नका लागि भोलि मिति २०८२।१२।२० गते बस्ने सिरीजङ्घा गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।**

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त
मितिः २०८२ चैत्र २० गते

सहीः
नामः लाल कृष्ण चौहान

१. विषयको संक्षिप्त व्यहोराः प्रस्तुत विषयमा महालेखा परीक्षकको कार्यालय, कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय काठमाण्डौंको मिति २०८२।०७।०२ गतेको पत्रसाथ प्राप्त लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनले औंल्याएको नियमित गर्नु पर्ने बेरुजु, प्रमाण कागजात पेश गर्नु पर्ने र असुल उपर गर्नुपर्ने भनी औंल्याएको बेरुजु नियमित गर्दै फर्छ्यौट गर्न गाउँ सभा अधिवेशनको पहिलो बैठकमा निर्णयार्थ पेश गर्नका लागि गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गर्न आवश्यक रहेको।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक विषयः सिरीजङ्घा गाउँपालिकाको नियमित गाउँ सभा अधिवेशन (एघारौं) द्वारा गठित यस गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समितिले आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखा परीक्षण प्रतिवेदन (प्रारम्भिक) ले औंल्याएको नियमित गर्नुपर्ने, प्रमाण कागजात पेश गर्नु पर्ने र असुल उपर गर्नुपर्ने भनी औंल्याएको बेरुजुका सन्दर्भमा तयार गरी पेश गरेको प्रतिवेदन मिति २०८२।१२।२० गतेका दिन बस्ने १८ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकमा पेश गर्नका लागि गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गर्नु पर्ने।

३. निर्णय हुनुपर्ने व्यहोराः यस गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समितिले गाउँपालिकाका अध्यक्ष ज्यू समक्ष आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएको नियमित गर्नुपर्ने बेरुजु (प्रोत्साहन भत्ता) को हकमा कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ४२ (२) बमोजिम नै आन्तरिक आय स्रोतबाट मात्र खर्च गर्ने व्यवस्था मिलाउने, प्रमाण कागजात पेश गर्नु पर्ने बेरुजुको हकमा पदाधिकारीहरुको अनुगमन भत्ता भुक्तानी गर्दा खर्च भौचर सहित संलग्न हुन छुटेको अनुगमन प्रतिवेदन प्राप्त भई सकेको र करार सेवामा कार्यरत कर्मचारीहरुको तलवभत्ता असुर उपर सम्वन्धी बेरुजुका सन्दर्भमा तयार गरी पेश गरेको प्रतिवेदन उपर व्यापक छलफल भयो। उक्त प्रतिवेदनले उल्लेख गरे बमोजिमको बेरुजुहरु देहाय बमोजिम नियमित गरी सम्परीक्षण गर्न र गाउँ कार्यपालिकाको कार्यालयमा स्वीकृत दरवन्दी अनुसार कर्मचारीहरु प्रदेश लोक सेवा आयोगबाट पदपूर्ति नभएको साथै प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई स्थायी नियुक्ति लिएको कर्मचारीहरु समेत सुगम जिल्लाका स्थानीय तहहरुमा सरुवा भई जाने गरेका छन। यसरी दुर्गम हिमाली जिल्लाका स्थानीय तहरुमा स्थायी कर्मचारी बस्न नरुचाउने तथा सरुवा मिलाई सुगम ठाउँमा जाने गरेका कारण दरवन्दी रिक्त हुने गरेको र करार सेवाबाट प्राविधिक कर्मचारीहरु पदपूर्ति नगर्ने हो भने कार्यालयको दैनिक कामकाज समेत ठप्प हुने अवस्था छ। कार्यलयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई छिटो छरितो र सुलभ ढंगले सेवा प्रदान गर्नु पर्ने दायित्व स्थानीय सरकारको रहेको छ। कार्यालयमा स्थायी वा करार सेवामा नियुक्ति पाई सेवा प्रदान गरे वापत पारिश्रमिक दिनुपर्ने व्यवस्था कानुनले नै गरेको छ। यसरी स्थायी दरवन्दी रिक्त भएको अवस्थामा करार सेवाबाट पदपूर्ति गरी कार्यालय सञ्चालन गरिएको र प्रदेश लोक सेवा आयोगबाट स्थायी पदपूर्ति भएपछि करार सेवाका कर्मचारी स्वत हट्ने भएको कारणले प्रारम्भिक प्रतिवेदनमा उल्लिखित कर्मचारीहरुको पारिश्रमिक असुल उपर गर्नु

०८२।१२।२०
प्रमुख प्रशासकीय अधिकृत

सिरीजङ्घा गाउँपालिका

# गाउँ कार्यपालिका

तेल्लोक, ताप्लेजुङ

पर्ने बेरुजु एक पटकका लागि नियमित गर्दै सम्परीक्षण गरी लगत कट्टा समेत गरिदिनका लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्नका लागि भोली मिति २०८२ साल चैत्र २० गतेका दिन बस्ने गाउँ सभा अधिवेशनको पहिलो बैठकमा पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

देहाय,

(क) आर्थिक वर्ष ०८१।८२ को नियमित गरी सम्परिक्षण गर्नु पर्ने बेरुजु:

| क.सं. | बेरुजु को दफा | ब.उ. शी.नं. | बेरुजुको छोटकरी व्यहोरा | रकम | फछ्र्यौटको छोटकरी व्यहोरा | रकम |
|---|---|---|---|---|---|---|
| १ | ४२ | | कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ४२ (२) मा कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय श्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले कार्यविधि बनाई देहायका कर्मचारीलाई अतिरिक्त समय काम गरेकोमा दैनिक रु ५००। का दरले कर कट्टि गरी देहायअनुसार संघीय सरकार राजस्व बाँडफाँटबाट रु ९,५१,५७५। भत्ता खर्च लेखेको देखियो । कार्यविधि बनाई आन्तरिक आयबाट भुक्तानी गर्नुपर्ने अतिरिक्त समय काम गरेको भत्ता रकम संघीय राजस्व बाँडफाँटबाट भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु | ९,५१,५७५। | सिरीजङ्घा गाउँपालिका कन्चनजङ्घा हिमालको काखमा रहेको एउटा दुर्गम हिमाली भू-भाग भएको गाउँपालिका हो । यस गाउँपालिकामा कायम रहेको दरवन्दी भन्दा कम (करिव ६० देखि ७० प्रतिशतको हाराहारीमा) मात्र कर्मचारी दरवन्दी पदपूर्ति रहेको अवस्था छ । कार्यालयले रिक्त रहेको दरवन्दीको माग फाराम भरेर प्रदेश लोकसेवा आयोगमा हरेक वर्ष पठाउने व्यवस्था मिलाएको छ। प्रदेश लोक सेवा आयोगबाट लिईने परीक्षा उत्तिर्ण गरी सिफारिस हुने कर्मचारीहरुको रोजाईमा सुगम क्षेत्रका स्थानीय तह पर्ने गरेको र दुर्गम क्षेत्र भएका यस गाउँपालिका अन्तिम रोजाईमा मात्र पर्ने गरेको छ । लोकसेवा आयोगबाट सिफारिस भई नियुक्तिका लागि आउने कर्मचारी पनि चाडै नै सरुवा मिलाई जाने गरेकोले दरवन्दी रिक्त भई थोरै कर्मचारीले थप जिम्मेवारी समेत लिई विहान वेलुका र बिदाको समयमा समेत कार्य सम्पादन गर्नु परिरहेको छ। यसरी अतिरिक्त समय काम गर्ने कर्मचारीहरुलाई सिरीजङ्घा गाउँपालिकाको कार्य सञ्चालन कार्यविधिले तोके बमोजिम प्रोत्साहन भत्ता वितरण गरिएको थियो । कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ४२ (२) मा कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय श्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने प्रावधान रहेपनि गाउँपालिकाबाट बजेट विनियोजन गर्दा उक्त उल्लिखित खर्चको स्रोत भूलबस राजस्व बाँडफाड शिर्षक हुन गएकोले प्रतिवेदनमा उल्लिखित बेरुजु सम्बन्धमा गाउँ कार्यपालिकाको कार्यालयले गम्भिरता पूर्वक मनन गर्दै आगामी दिनमा यस्ता प्रकृतिका खर्च आन्तरिक आयबाट मात्र गर्ने र आन्तरिक आय शिर्षकमा रकम अभाव हुन गएमा यस्ता प्रकृतिका खर्च कटौती गर्ने प्रतिवद्धता व्यक्त गर्दै एक पटकका लागि उल्लिखित बेरुजु सम्परिक्षण गरी लगत कट्टा गरिदिन श्री महालेखा परीक्षकको कार्यालयलाई सर्वसम्मत अनुरोध गर्ने। | ९,५१,५७५। |

| क्र.सं. | पद | नामथर | खुद भुक्तानी भत्ता रकम |
|---|---|---|---|
| १ | प्र.प्र.अ. | डम्बर बहादुर आङदाम्बे | ७७३५० |
| २ | लेखा अधिकृत | श्याम प्रसाद खतिवडा | ३४८५० |
| ३ | ज.अ. | संजिव सिंह | ९०५२५ |
| ४ | ईन्जिनियर | नविन कुमार यादव | ९१३७५ |
| ५ | सु.प्र.अ. | मनोज कुमार उप्रेति | ७७७७५ |
| ६ | अ.छै.प्रा. | रन्जित लवां | ८६२७५ |
| ७ | अ.छै.प्रा. | योगेन्द्र पौडेल | २०८२५ |
| ८ | कृ.अ. | मन्जु आचार्य | २१२५० |
| ९ | रोजगार संयोजक | कुसुम पौड्याल | १५७२५ |
| १० | ले.प्र. | लोकराज त्रिपाठी | ७७७७५ |
| ११ | क.अ. | उज्वल श्रेष्ठ | ७६५०० |
| १२ | आ.ले.प. | सरिता राई | ८७९७५ |
| १३ | स्टाफ नर्स | गरिमा कस्ति | २४२२५ |
| १४ | प्र.स. | रविन घिमिरे | ११९०० |
| १५ | स.ई | कल बहादुर शाही | १०६२५ |
| १६ | स.ई. | गोपाल भट्टराई | २०४०० |
| १७ | स.ई. | भरत नेपाल | १८२७५ |
| १८ | एम आई एस अपरेटर | लिला पौडेल | १५३०० |
| १९ | असई | चन्द्र कुमार मावो | १६१५० |
| २० | का.स. | भेषराज भट्टराई | ११९२५ |
| २१ | का.स. | गोविन्द खवांस | ११९२५ |
| २२ | का.स. | राजपाल भट्टराई | ११९२५ |
| २३ | का.स. | भिम मावो | ११९२५ |
| | | जम्मा | ९५१५७५ |

प्रमुख प्रशासकीय अधिकृत

सिरीजङ्घा गाउँपालिका

# गाउँ कार्यपालिका

तेल्लोक, ताप्लेजुङ

(ख) आर्थिक वर्ष ०८१।०८२ को प्रमाण कागजात पेश गर्नुपर्ने बेरुजु सम्परिक्षण गर्नु पर्ने:

| क्र.सं. | बेरुजुको दफा | ब.उ.शी. नं. | बेरुजुको छोटकरी व्यहोरा | रकम | फछ्र्यौटको छोटकरी व्यहोरा | रकम |
|---|---|---|---|---|---|---|
| | | | गाउँ तथा नगर सभाका सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले अनुसूची १ (क) मा उल्लेख भएबमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरे बमोजिमको सुबिधा पाउने साथै अनुसूचीको द्रष्टव्यमा गाउँपालिकाका पदाधिकारीले मासिक अनुगमन भत्ता भुतानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाका देहाय बमोजिमका पदाधिकारीहरुलाई अनुगमन सुविधा रु ७,२०,०००। भुक्तानी गरेको श्रेष्तासाथ अनुगमन प्रतिवेदन संलग्न गरेको देखिएन। मासिक रुपमा अनुगमन गरेको प्रतिवेदन पेश हुनुपर्ने रू | ७२००००।०० | उल्लिखित बेरुजुको सन्दर्भमा गाउँपालिकाका पदाधिकारीहरुले मासिक अनुगमन भत्ता भुक्तानी लिदा अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गाउँ तथा नगर सभाका सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा छ। तर खर्च श्रेष्ताको लेखापरीक्षण गर्ने क्रममा अनुगमनको प्रतिवेदन पेश नभएकोले प्रतिवेदन पेश गर्नु पर्ने भनी प्राम्भिक प्रतिवेदनमा औल्याइएको बेरुजुसँग सम्वन्धित सबै पदाधिकारीहरुको अनुगमन प्रतिवेदन पेश भई सकेको र आगामी दिन दिनमा अनुगमन भत्ता भुक्तानी गरेको बखतमा नै सबै कागजात पेश भए पश्चात मात्र रकम भुक्तानी गर्ने प्रतवद्धता व्यक्त गर्दै एक पटकका लागि उल्लिखित बेरुजु सम्परिक्षण गरी लगत कट्टा गरिदिन श्री महालेखा परीक्षकको कार्यालयलाई सर्वसम्मत अनुरोध गर्ने। | ७२००००।०० |

| सि.नं. | नाम | पद | मासिक अनुगमन भत्ता | वार्षिक अनुगमन भत्ता |
|---|---|---|---|---|
| 1 | लाल कृष्ण चौहान | अध्यक्ष | १०००० | १२०००० |
| 2 | चित्र कुमार लिम्बु | उपाध्यक्ष | १०००० | १२०००० |
| 3 | सिंह बहादुर इवारम | वडा अध्यक्ष | ४००० | ४८००० |
| 4 | दिलेन्द्र कुँवर | वडा अध्यक्ष | ४००० | ४८००० |
| 5 | रुप दास भट्टराई | वडा अध्यक्ष | ४००० | ४८००० |
| 6 | बम प्रसाद गौतम | वडा अध्यक्ष | ४००० | ४८००० |
| 7 | सुख राज लिम्बू | वडा अध्यक्ष | ४००० | ४८००० |
| 8 | वुद्धि प्रसाद दाहाल | वडा अध्यक्ष | ४००० | ४८००० |
| 9 | कृष्ण कुमार गुरुङ | वडा अध्यक्ष | ४००० | ४८००० |
| 10 | श्री गंगा खड्का ( भट्टराई) | कार्यपालिका सदस्य | २००० | २४००० |
| 11 | श्री सीता देवी भट्टराई दाहाल | कार्यपालिका सदस्य | २००० | २४००० |
| 12 | श्री रमिला खत्री | कार्यपालिका सदस्य | २००० | २४००० |
| 13 | श्री मन कुमारी राई | कार्यपालिका सदस्य | २००० | २४००० |
| 14 | श्री राम कुमार घतानी | कार्यपालिका सदस्य | २००० | २४००० |
| 15 | श्री मिङ्मा ल्हामु शेर्पा | कार्यपालिका सदस्य | २००० | २४००० |
| | | जम्मा | ६०००० | ७२०००० |

(ग) आर्थिक वर्ष ०८१।०८२ को असुल उपर गर्नुपर्ने बेरुजु सम्परिक्षण गर्नु पर्ने:

| क्र.सं. | बेरुजुको दफा | ब.उ.शी.नं. | बेरुजुको छोटकरी व्यहोरा | रकम | फछ्र्यौटको छोटकरी व्यहोरा | रकम |
|---|---|---|---|---|---|---|

CamScanner

स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने तथा दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। गाउँपालिकाले उल्लेखित पद वाहेकको देहायअनुसारका कर्मचारी करारमा नियुक्ति गरी यो वर्ष रु ३७,१५,११६। तलब खर्च लेखेको नियमसम्मत नदेखिएको रु..

| कर्मचारीको नामथर | पद | मासिक पारिश्रमिक | वार्षिक पारिश्रमिक |
|---|---|---|---|
| नविनकुमार यादव | इन्जिनियर | ५६६५१ | ६७९८१२ |
| मन्जुआचार्य | कृषिअधिकृत | ४५६८९ | ५४८२६८ |
| मनोजकुमार उप्रेती | सु प्र अ | ५६६५१ | ६७९८१२ |
| उज्वलश्रेष्ठ | क अ | ४२२४० | ५०६८८० |
| चन्द्रमावो | अ स इ | ३४९०२ | ४१८८२४ |
| गोपालदास भट्टराइ | इन्जिनयर | ३६७३० | ४४०७६० |
| भरतनेपाल | स इ | ३६७३० | ४४०७६० |
| | जम्मा | ३०९५९३ | ३७१५११६ |

३७,१५,११६।

प्रतिवेदनमा उल्लिखित बेरुजु सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा गाउँगालिकाको प्रशासकीय संगठन र कर्मचारी दरवन्दी सम्वन्धी व्यवस्था र विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नु पर्नेछ भनी उल्लेख गरिएको छ । सिरीजङ्घा गाउँपालिका अध्यक्ष स्तरको मिति २०७६।१०।१९ गतेको निर्णयानुसार गाउँपालिका कार्यालय र वडा कार्यालय समेतको उल्लिखित बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न सैदान्तिक निर्णय भए अनुसार विशेषज्ञ जनशक्तिको अभावमा मस्यौदा प्रतिवेदनको तयारी परामर्श सेवा मार्फत गरी मस्यौदामा उल्लिखित संगठन संरचना र दरवन्दी उपर छलफल गरी गा.पा. अध्यक्ष मार्फत कार्यपालिकामा पेश गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण टोलि गठन गरिएको थियो । नेपाल सरकार तथा प्रदेश सरकारबाट उपलब्ध हुने वित्तीय समानिकरणको रकमबाट चालु खर्चको लागि रकम विनियोजन गर्न नपाइने र राजश्व बाँडफाडबाट प्राप्त हुने सवै रकमले प्रशासनिक खर्च गर्न नपाइने कानुनी प्रावधान तथा यस गाउँपालिकाको कमजोर आन्तरिक आय समेतलाई मध्यनजर गरी गाउँपालिकाको चालु खर्च बर्तमान देखी कटौती गरी दिर्घकालिन रुपमा गाउँपालिकालाई पर्न जाने आर्थिक भारलाई कटौती गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण टोलिबाट आर्थिक भार विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन पेश भए पश्चात कार्यालय सहयोगी र प्राविधिक तर्फका केही स्थायी दरवन्दीलाई करार दरवन्दी कायम गरी सिरीजङ्घा गाउँपालिकाको मिति २०७६।११।२९ गते बसेको छैठौं गाउँ सभा अधिवेशनको दोश्रो बैठकद्वारा पारित O&M प्रतवेदनलाई पुन संशोधन सहित मिति २०८१।०३।२६ गते बसेको १५ औं गाउँसभा अधिवेशनको तेश्रो बैठकले पारित गरी सोही बमोजिम कर्मचारी व्यवस्थापन भएको अवस्था छ । प्रारम्भिक प्रतिवेदनमा उल्लिखित इन्जिनियर, कृषि अधिकृत, सव इन्जिनियर दरवन्दीमा कार्यालयबाट प्रदेश लोकसेवा आयोगमा माग फाराम भरी पठाएको र इन्जिनियरिङ तर्फको दरवन्दीलाई प्रदेश लोक सेवा आयोगबाट बढुवा मार्फत पदपूर्ति गर्ने गरी प्रतिशत निर्धारण मार्फत सुरक्षित राखेको र बढुवा मार्फत पदपूर्ति हुने र खुल्ला मार्फत पदपूर्ति हुने दरवन्दीमा प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०८१।०८२ मा कर्मचारी सिफारिस गरी नपठाएको हुँदा कार्यालयको दैनिक कामकाज प्रभावित हुने अवस्था सिर्जना भएकोले स्थायी पदपूर्ति भएर आएपछि स्वत हट्ने गरी अघिल्लो आ.व. मा करार सेवा मार्फत पदपूर्ति गरी कामकाजमा खटाएको कर्मचारीलाई सेवा करार म्याद थप गरी निरन्तरता दिईएको । कर्मचारी पारिश्रमिक वापतको रकम भएको हुँदा लोक

३७,१५,११६।

प्रमुख प्रशासकीय अधिकृत

०८२।१२।२०

सिरीजङ्घा गाउँपालिका

# गाउँ कार्यपालिका

तेल्लोक, ताप्लेजुङ

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सेवा आयोगबाट पदपूर्ति भएपछि करार सेवाका कर्मचारीहरुलाई हटाउने प्रतिवद्धता व्यक्त गर्दै एक पटकका लागि उल्लिखित बेरुजु सम्परिक्षण गरी लगत कट्टा गरिदिन श्री महालेखा परीक्षकको कार्यालयलाई सर्वसम्मत अनुरोध गर्ने। |

माथि उल्लेखित निर्णय नियमानुसार प्रमाणिकरण गर्दछु।

सही:

नाम: डम्बर बहादुर आङदेम्बे

पद: प्रमुख प्रशासकीय अधिकृत

सिरीजङ्घा गाउँपालिका

# गाउँ कार्यपालिका

तेल्लोक, ताप्लेजुङ

**गाउँ कार्यपालिकाको बैठक मितिः २०८२-१२-२० गते पेश गरिने एजेण्डा**

**बैठक समय बिहान ठिकः ११.०० बजे**

विषयः सिरीजङ्घा गाउँपालिका स्थित निर्माणाधिन जलविद्युत आयोजनाहरुको प्रवर्द्धक कम्पनीले आयोजनालाई आवश्यक निजि जग्गा खरिद गरी जग्गाको लिखित पारित गर्दा मालपोत कार्यालयमा रजिष्ट्रेशनं शुल्क छुट सम्बन्धमा।

सहीः

नामः लाल कृष्ण चौहान

पदः अध्यक्ष

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त

मितिः २०८२ चैत्र २० गते

१. विषयको संक्षिप्त व्यहोराः प्रस्तुत विषयमा सिरीजङ्घा गाउँपालिका स्थित निर्माणाधिन जलविद्युत आयोजनाहरुको प्रवर्द्धक कम्पनीले आयोजनालाई आवश्यक निजि जग्गा खरिद गरी जग्गाको लिखित पारित गर्दा मालपोत कार्यालयमा रजिष्ट्रेशन शुल्क बुझाउने सम्बन्धमा निर्णय गर्न आवश्यक रहेको ।

२. प्राप्त परांमर्श तथा अन्य सान्दर्भिक विषयः सिरीजङ्घा गाउँपालिका स्थित निर्माणाधिन जलविद्युत आयोजनाहरुको प्रवर्द्धक कम्पनीले आयोजनालाई आवश्यक निजि जग्गा खरिद गरी जग्गाको लिखित पारित गर्दा मालपोत कार्यालयमा रजिष्ट्रेशन शुल्क बुझाउने सम्बन्धमा निर्णय गर्न आवश्यक रहेको गाउँ कार्यपालिकाबाट निर्णय गर्नुपर्ने ।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको रायः सिरीजङ्घा गाउँपालिका स्थित निर्माणाधिन जलविद्युत आयोजनाहरुको प्रवर्द्धक कम्पनीले आयोजनालाई आवश्यक निजि जग्गा खरिद गरी जग्गाको लिखित पारित गर्दा मालपोत कार्यालयमा रजिष्ट्रेशन शुल्क बुझाउदा कोशी प्रदेश सरकारको कोशी प्रदेश आर्थिक ऐन २०८२ मा जलविद्युत आयोजनाको नाममा खरिद हुने जग्गाको लिखित पारित गर्दा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा छुट हुने प्रावधान भएकोले कार्यपालिकाबाट निर्णय गर्नुपर्ने ।

४. निर्णय हुनुपर्ने व्यहोराः सिरीजङ्घा गाउँपालिका स्थित निर्माणाधिन जलविद्युत आयोजनाहरुको प्रवर्द्धक कम्पनीले आयोजनालाई आवश्यक निजि जग्गा खरिद गरी जग्गाको लिखित पारित गर्दा मालपोत कार्यालयमा रजिष्ट्रेशन शुल्क बुझाउने सम्बन्धमा कोशी प्रदेश सरकारको कोशी प्रदेश आर्थिक ऐन २०८२ को अनुसूची-१ " घरजग्गा तथा अन्य लिखित रजिसष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर , खण्ड (ङ) बुँदा नं. ३ बमोजिम जलविद्युत आयोजनाको नाममा खरिद हुने जग्गाको लिखित पारित गर्दा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा ५०% छुट हुने प्रावधान रहेकोले उक्त निर्माणाधिन जलविद्युत आयोजनाको प्रवर्द्धक कम्पनीले आयोजनालाई आवश्यक निजि जग्गा खरीद गरी जग्गाको लिखित पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा ५०% छुट दिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**माथि उल्लेखित निर्णय नियमानुसार प्रमाणिकरण गर्दछु ।**

सहीः

नामः डम्बर बहादुर आङदेम्वे

पदः प्रमुख प्रशासकीय अधिकृत